# आठबीस नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## राकमकर्णाली दैलेख
## कर्णाली प्रदेश नेपाल

visit nepal 2020

## शिलवन्दी दरभाउपत्र पेश गर्ने सम्बन्धी सूचना।

प्रथम पटक प्रकाशित मिति २०७६।१०।२३

यस नगरपालिकाको लागी आवश्यक पर्ने औषधी खरिद गर्नु पर्ने भएकोले नेपाल सरकारबाट इजाजत पत्र प्राप्त ईच्छुक सप्लायर्सहरुले कारोवार खुलेको फर्म दर्ता प्रमाण पत्र मूल्यअभिबृद्धि करमा दर्ता भएको प्रमाणपत्र, आ.व. २०७५/७६ को कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी संलग्नराखी सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र कार्यालयमा दरभाउपत्र पेश गर्नु हुनको लागी यो सूचना प्रकाशित गरिएको छ।

| क्र.स | ठेक्का नं. | समानको विवरण | जम्मा टेन्डर रकम (मु.अ.कर सहित) | धरौटी रकम | दरभाउ पत्र दस्तुर | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | ०४/२०७६/०७७ | औषधी | १४७२५००/- | ३६८१३/- | १०००/- | |

१. ठेक्काको दरभाउ पत्र फारम यस कार्यालयबाट पछि फिर्ता नहुने गरी यो सूचना प्रकाशित भएको मिति देखि १६ औं दिन २०७६।११।०९ गते १२ बजे सम्म शिलबन्दी दरभाउ पत्र पेश गरि सक्नु पर्नेछ। पेश हुन आएका दरभाउपत्र सोही दिनको २ बजे यस कार्यालयमा दरभाउ दाता वा निजको प्रतिनिधीको रोवहरमा खोलिनेछ। दरभाउ दाता वा प्रतिनिधीको उपस्थिति नभएमा पनि दरभाउ पत्र खोल्न बाधा पर्ने छैन।

२. खरिद भएको शिलबन्दी दरभाउपत्र फारम न्यूनतम तोकिएको कुल ठेक्का अंकको २.५ प्रतिशत रकम नगदै नेपाल इन्भेष्टमेन्ट बैक डाव शाखामा रहेको यस कार्यालयको धरौटी खाता नं. ०६३०१४००२५००३० मा दाखिला गरेको सक्कल भौचर वा कम्तीमा ९० दिन म्याद भएको बैंक जामनी पत्र (**BID BOND**) संलग्न गरी रित पूर्वक सहिछाप तथा शिलबन्दी गरी दरभाउ पत्र आफै वा प्रतिनिधी मार्फत दाखिला गर्न सकिनेछ।

३. दरभाउपत्र दाताले पेश गरेको दरभाउ पत्र फिर्ता वा संशोधन गर्न चाहेमा दर्ता गर्ने अन्तिम समय समाप्त हुनु भन्दा २४ घण्ट अगाडी फिर्ता वा संशोधन गर्न सकिनेछ। शिलबन्दी दरभाउ पत्रमा आफुले पेश गरेको प्रति इकाई दर रेट मुल्य अभिबृद्धि कर बाहेक मुल्य पेश गर्नु पर्नेछ।

४. रित पूर्वक नपरेका र म्याद भित्र दर्ता नभएका र शर्त राखी पेश गरेको दरभाउ पत्रलाई मान्यता दिइने छैन।

५. दरभाउ पत्रमा उल्लेख भए बमोजिम स्पेशिफिकेशन बाहेक अन्य मालसमान यस नगरपालिकाले स्वीकार गर्ने छैन।

६. सामान आपूर्ति भएपछि कार्यालयबाट भुक्तानी सम्झौतामा उल्लेख भएको प्रावधान अनुसार हुनेछ।

७. मालसमान ढुवानी खर्च आपूर्ति कर्ता स्वयमले ब्येहोर्नु पर्नेछ।

८.आपूर्तिकर्ताले औषधी आपूर्ति गरी कार्यालयले तोकेको स्पेशिफिकेशन र परिमाण निरिक्षण गरेरमात्र भुक्तानी प्रकृया अगाडी बढाइनेछ।

८. दरभाउ पत्र स्वीकृत भएको ७ दिन भित्रमा नियमानुसार आयकर/मु.अ. दर्ता प्रमाण पत्रको सक्कलै लिई सम्झौता गर्न यस कार्यालयमा आउनु पर्नेछ। सो अवधी भित्र सम्झौता गरी औषधी आपूर्ति नगरेमा धरौटी रकम जफत गरिनेछ। दोस्रो पक्षको दरभाउपत्रको स्वीकृत गर्ने वा नगर्ने वा पूनः दरभाउ पत्र आव्हान गर्ने वा नगर्ने अधिकार नियमानुसार यस कार्यालयमा सुरक्षित रहनेछ।

९. यसमा उल्लेख भएका कुराहरुमा सोही बमोजिम र यसमा उल्लेख नभएका बुदाँहरु प्रचलित सार्वजनिक खरिद कानुन बमोजिम हुनेछ।

..........................

आठबीस नगरपालिका दैलेख

" सक्षम निजामति प्रशासन विकास,समृद्धि र सुशासन "

☎ 089690475 website : aathabismun.gov.np , Email : aathabismun@gmail.com